गैरआवासीय नेपाली संघ महिला फोरम

पृष्ठभूमीः

स्थापनाकाल देखी नै गैरआवासीय नेपाली संघको अभियानमा महिला फोरमले महिला शसक्तिकरणका लागि विविध गतिविधिहरु संचालन गर्दै आएको छ । गैरआवासीय नेपाली संघ महिला फोरमको गठन अहिले ६० वटा भन्दा बढी मुलुकमा भइसकेको छ । ती गठन भएका महिला फोरमहरुले आफ्ना मुलुक भित्र रहेका महिलाहरुका समस्या र उनीहरुलाई शसक्तिकरण गर्ने कार्य गरिरहेका छन् । साथै अन्तर्राष्ट्रिय समन्वय परिषदको महिला फोरम संग समन्वय गरेर नेपालका विविध क्षेत्रमा पिछिडिएका महिलाहरुको आयआर्जनमा बृद्धिको लागि विभिन्न प्रकारका सीप मुलक तालिमहरु संचालन गरिरहेका छन् । यसरी महिला फोरमले हाल सम्म ६ वटा जति महिला तथा बालबालिकाहरुको लागि निशुल्क स्वास्थ्य शिविर संचान गरिसकेको छ । यसरी नै नेपालको सामाजिक आर्थिक तथा राजनैतिक क्षेत्रमा महिलाहरुको पहुँच तथा पहिचान स्थापित गर्नको लागि विभिन्न समयमा नेपाल सरकार र सरोकारवाला संघ संस्थाहरुसंग वकालत गर्दै आएको छ । हालै बन्न लागेको नागरिकता ऐनमा महिलाहरुको हक अधिकारका साथै तिनिहरुका सन्तानलाई नेपाल संग सधै जोडि राख्नको लागि उनीहरुलाई नागरिकता व्यवस्थाको लागि नेपाल सरकार, विभिन्न राजनैतिक दलहरुका साथै सरोकारवाला संघ संस्थासंग अन्तरक्रियाहरु गर्दै आएको छ ।

महिला फोरमको गठनः

यस कार्यकाल (०१७-१९) को लागि अन्तर्राष्ट्रिय महिला फोरमको गठन भएको छ । जस अनुसार बेल्जियमका रजनि प्रधान महिला संयोजकमा र यसरी नै क्षेत्रीय महिला उपसंयोजकहरुमा अफ्रिका बाट मनकला विष्ट थापा, अमेरिकाज बाट संगीता लम्साल सिवाकोटी, एशिया प्रशान्त बाट जुनुमायाँ गुरुङ्ग, युरोपबाट संगीता मरहट्टा शर्मा, मध्यपूर्व बाट यास्मिन बेगम (सैयद) र ओसेनीयबाट प्रीति शर्मा चयन हुनु भएको छ । यसरी नै ५० भन्दा बढी राष्ट्रिय समन्वय परिषद् भएका मुलुकहरुमा महिला फोरमको गठन भईसकेको छ । हालसालै थाइल्याण्डमा मेघा चन्द ढकालको संयोजकत्वमा थाइल्याण्ड, कमला गुरुङको संयोजकत्वमा दक्षिण कोरिया, शर्मिला राईको संयोजकत्वमा मकाउ, र सुभद्रा सिग्देलको संयोजकत्वमा मलेसियामा महिला फोरम गठन गरिएको छ । यो अझ विस्तार हुने क्रममा रहेको छ ।

महिला फोरमले यस कार्यकाल (०१७-१९) मा गरेका केही मुख्य गतिविधिहरुः

यस कार्यकालमा महिला शसक्तिकरण, स्वरोजगार सीप मुलक तालिम, स्वास्थ्य शिविरका साथै विभन्न अन्तरक्रियाकलापहरु संचालन भएका छन् । यस समितिले यस कार्यकालको लागि गर्नु पर्ने कार्य विविरण बनाई आफ्ना क्रियाकलापहरु संचालन गरिरहेको छ ।

संचालन भएका मुख्य गतिविधिहरु निम्न लिखित रहेका छन् :

१ महिला स्वास्थ्यः

- २६ र २७, फेब्रुवरी २०१८ सम्म अछामको मंगलसेनमा निशुल्क आङ खस्ने समस्या भएका महिलाहरुको छैठौं निशुल्क स्वास्थ्य शिविर र महिला तथा बालबालिकाहरुको लागि नाक कान घाटी सम्बन्धि निशुल्क स्वास्थ्य शिविर सम्पन्न गरेको छ । यस शिविरमा करीव

२०० जति पाठेघर समस्या भएका महिलाहरुको परिक्षण गरिएको थियो जस मध्ये २० जना महिलाकझ शल्यक्रिया गरिएको थियो । यसरी नै नाककान सम्बन्धी समस्या भएका बालबालिका तथा अरु वयस्क महिला पुरुषको निशुल्क परिक्षण गरिएको थियो । यसबाट करीब ५०० जना लाभान्वित भएका छन् । यस अवसरमा परिक्षण गर्न आएकाहरुलाई स्वास्थ्य सरसफाई सम्बन्धी किटस वितरण गरिएको थियो । यस शिविरमा नवजिवन अस्पताल र वीर अस्पतालका बरिष्ठ चिकित्सकहरुको सहभागीता रहेको थियो ।

- गैरआवासीय नेपाली दिवसको अवसर पारेर ९ अक्टोवरका दिन सिन्धुपाल्चोकको ठोकर्पा गाविसमा पाठेघर तथा नाक, कान, घाटी सम्बन्धि सातौं निशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको थियो । यस शिविरमा करीव ३०० जना महिलाको स्वास्थ्य परिक्षण गरिएको थियो भने नाक कान घाँटी सम्बन्धमा करीव ५०० जना भन्दा बढीको परिक्षण गरिएको थियो । यस कार्यक्रममा सहभागीहरुलाई स्वास्थ्य सरसफाई सम्बन्धी किटस वितरण गरिएको थियो । यसरी नै अब आउने मार्च महीनामा नुवाकोट जिल्लामा आठौं निशुल्क स्वास्थ्य शिविर संचालन गर्ने योजना रहेको छ । यसका लागि आवश्यक कार्यहरु भईरहेको छ । निशुल्क स्वास्थ्य शिविर संचालन गर्नको लागि विभन्न मुलकका महिला फोरमहरुले आर्थिक सहयोग गरिरहेका छन् ।

- २८ फेब्रुवरी र १ मार्च २०१९ मा नुवाकोटजिल्लाको दुप्चेश्वर गाविसको शिखरबेसी र राउतेवेसीमा पाठेघर तथा नाक कान घाटी सम्बन्धी निशुल्क स्वास्थ्य शिवर सम्पन्न भयो । शिविरमा करी ५०० जना स्वास्थ्य परिक्षण गरिएको थियो । यस शिविरमा प्रसुती गृहका डाक्टरहरुले सहयोग गर्नु भएको थियो ।

२ शिपमुलक तालिमः

- १ नोभेम्वर २०१७ का दिन गैरआवासीय नेपाली संघ महिला फोरम र एफविनले आयोजना गरेको दक्ष सिलाई सम्बन्धि दोश्रो सीप मुलक तालिमको उद्घाटन कार्यक्रम सम्पन्न भयो । नमूना अफ टेक्नोलोजी कलेजको सहयोगार्थ काठमाण्डौ, ललितपुर, भक्तपुर, काभ्रे, रामेछाप र सुनसरी जिल्लाका २० जना महिलाहरुलाई सिलाई सम्बन्धि दक्ष तालिम दिइयो । यस तालिम पश्चात आय आर्जनमा बृद्धि भएको जानकारी उनीहरुले दिएका छन् ।
- यसैगरी मार्च १ का दिन संघको महिला फोरमको पहलमा एफविनले महिला आयोजना गरेको सिलाइ सम्बन्धी दक्ष सिपमुलक तालिमको उद्घाटन कार्यक्रम नुवाकोटको पन्चकन्या गाउँपालिकामा आयोजना गरियो । संघका महिला संयोजक रजनी प्रधानको प्रमुख आतिथ्यतामा भएको उक्त कार्यक्रममा एफविनका सदस्यहरु र स्थानीय समुदायको सहभागीता रहेको थियो । नुवाकोटका विभिन्न गाउँपालिकाहरुबाट चयन भएका २० जना महिलाहरुलाई १ महिने सिलाई सम्बन्धी तालिम दिइने छ ।

युरोपमा प्रशिक्षण कार्यक्रमः

महिला फोरमको सहयोगमा यही आउने १० देखी २५ अप्रिल सम्म युरोप रहेका नेपाली महिलाहरुको लागि प्राथमिक तहको सिलाइ प्रशिक्षणको कार्यक्रम बेल्जियममा सम्पन्न । यस प्रशिक्षण कार्यक्रममा २० जना महिलाहरुको सहभागीता रहेको थियो ।

३ एक युरो कार्यक्रमः

महिला फोरमले नेपालका पिछिडिएका महिलाहरुको समृद्धीको लागि विभिन्न मुलुकहरुमा एक युरो कार्यक्रम संचालन गरिरहेको छ । यस कार्यक्रममा हाल सम्म अष्ट्रिया बेल्जियम डेनमार्क, फ्रान्स आयरल्याण्ड, हङ्कंग, जापान, फिनल्याण्ड, युके, यूएसए, अष्ट्रेलिया लगायत अन्य मुलुकका महिला फोरमका सदस्यहरुले सहयोग गरिरहेका छन् । यसरी नै जापान हङकंग लगायत अन्य मुलुकका महिला फोरमहरुले नेपालको महिलाहरुको विविध पक्षमा सहयोगको लागि आआफ्ना मुलुकमा कोषहरु स्थापना गरी सहयोग गरिरहेका छन् ।

४ वैदेशिक रोजगारः

४ मार्च २०१८ का दिन १०८औं अन्तर्राष्ट्रिय नारी दिवसको अवसर पारेर वैदेशिक रोजगारबाट फर्किएका महिलालाई स्वदेशमै कसरी पुनरस्थापना गर्न सकिन्छ भन्ने बारे कार्यशाला गोष्ठि आयोजना गरिएको थियो । जसमा नेपाल सरकार, वैदेशिक रोजगारमा कार्यरत संघ संस्थाहरु, सरोकारवाला संस्थाहरुका साथै गैरआवासीय नेपाली संघका अध्यक्ष लगायत विभिन्न देशका प्रतिनिधिहरुको सहभागीता रहेको थियो । यसै सन्दर्भमा गैरआवासीय नेपाली संघले निकट भविष्यमा २० जना वैदेशिक रोजगारबाट फर्किएका नेपाली महिलाहरुलाई स्वदेशमै पुनरस्थापना गर्नको लागि पहल गर्ने भएको छ । यसका साथै मध्यपूर्वमा गएर दुख पाएका महिलाहरुको लागि गन्तव्य मुलुकमा एक सेल्टर स्थापना गर्नको लागि नेपाल सरकार र सरोकारवालाहरुसंग समन्वय भईरहेको छ ।

४ महिला भेलाः

गैरआवासीय नेपाली संघले यस कार्यकालमा क्षेत्रीय बैठकको समयमा विभन्न क्षेत्रहरु जस्तै युरोपको लग्जेम्वर्गमा, मध्यपूर्वको युएइमा र एशिया प्रशान्तको हङकङ र म्यानमारमा महिला भेला सम्पन्न गरेको छ । यी भेलाहरुमा क्षेत्रभरीका महिलाहरुको अवस्था र महिला फोरमले गरेका गतिविधिहरु माथि व्यपाक छलफल भएको थियो । यसरी यी सम्पन्न भएका भेलाहरुमा खासगरी वैदेशिक रोजगारमा गएका नेपाली महिला कामदारहरु र विश्वका अन्य मुलुकमा गएर विभिन्न पेशा गरेका महिलाहरुको अवस्था बारे छलफल भएको छ । यस बाट निस्केका निष्कर्षहरुलाई भविष्यमा योजना बनाइ यसको कार्यान्वयन गरिने भएको छ ।

५ पैरवी तथा छलफलः

यस एक वर्षको अवधिमा महिला शसक्तीकरणका लागि महिला फोरमले विभिन्न समयमा नेपाल सरकार तथा सम्बन्धित सरोकारवालाहरु संग पैरवी तथा छलफल सम्बन्धी कार्यहरु गरिरहेको छ । यस अवधिमा भएका कार्यहरुः

- २२ फेब्रुवरी २०१८ का दिन महिला फोरमका प्रतिनिधिहरुको वैदेशिक रोजगार प्रबर्द्धन बोर्डका कार्यकारी निर्देशक रघुराज काफ्ले संग भेटघाट । मुख्यतया वैदेशिक रोजगारमा रहेको नेपाली महिला कामदारहरुको अवस्था बारेमा छलफल भएको थियो ।
- २८ फेब्रुवरी २०१८ का दिन महिला फोरमका प्रतिनिधिहरुले महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्री थममायाँ थापा संग भेटघाट गर्‍यो । यस अवसरमा मुख्यतया गैरआवासीय नेपाली संघ महिला फोरमका गतिविधिहरुका साथै नेपालमा विद्यमान रहेको महिला हिंसा बारे छलफल भएको थियो ।

- १४ अक्टोवर २०१८ का दिन गैरआवासीय नेपाली संघका महिला प्रतिनिधिहरुद्वारा राज्यव्यवस्था तथा सुशासन समतिकि सभापति मा. शशि श्रेष्ठ संग भेटघाट गर्‍यो । मुख्यतया नेपालको महिलाहिंसा र अब बन्ने नागरिकता ऐनमा महिलाहरुको हकको सुनिश्चितता बारे छलफल भएको थियो ।
- ३ नोभेम्वर २०१८ का दिन महिला फोरमका प्रतिनिधिहरुले वैदेशिक रोजगार प्रबर्द्धन बोर्डका नवनियुक्त कार्यकारी निर्देशक विश्वराज पाण्डे संग भेटघाट गर्‍यो । मुख्यतया वैदेशिक रोजगारमा रहेको नेपाली महिला कामदारहरुको अवस्था बारेमा जानकारी गराउनुका साथै नेपाल सरकारले हाल गरेका गतिविधिहरु बारे छलफल भएको थियो ।
- ११ मार्च २०१९ का दिन राष्ट्रिय संजालले आयोजना गरेको महिला बेचबिखन बिरुद्धको कार्यक्रममा महिला संयोजकको सहभागिता । मुख्यतया महिला बेचविखनबारे छलफल ।
- १२ मार्च २०१९ का दिन महिला फोरममा प्रतिनिधिहरुको पौरखी नेपालसँग भेटघाट । मुख्यतया वैदेशिक रोजगारबाट फर्केर आएका महिला कामदारहरुको लागि पुर्नस्थापनाको कार्यक्रम, इ–रिक्सा वितरण, वैदेशिक रोजगार मा सरकारको नीति र त्यसको कार्यन्वयनको स्थिती लगायतको विषयमा छलफल ।

५ अन्तर्राष्ट्रिय नारी दिवसः

- ८ मार्च २०१८ का दिन १०८ र १०९औं अन्तर्राष्ट्रिय नारी दिवसको प्रभात फेरी कार्यक्रममा गैरआवासीय नेपाली संघ महिला फोरमले सहभागीता जनाएको थियो ।
- राष्ट्रिय समन्वय परिषद गठन भएका मुलुकहरुमा महिला फोरमहरुले महिला शसक्तिकरण समबन्धी विषयमा गोष्ठी तथा अन्तरक्रियाहरु संचालनका साथ विविध कार्यक्रमहरुको आयोजना गरी १०८ र १०९ औं अन्तर्राष्ट्रिय नारी दिवस भब्य रुपमा मनाएका थिए ।

५ विविधः

- विभिन्न एनसिसिमा आबद्ध भएका महिला फोरमहरुले नेपालका विभिन्न जिल्लामा निशुल्क महिला स्वास्थ्य शिविरका साथै अन्य सामाजिक कार्यहरु पनि संचालन गरिरहेका छन् ।
- एनसिसि हङकंग र नारीनिकुन्ज अष्ट्रेलियाले निशुल्क स्वास्थ शिविर संचालन गरी सहयोग गरेका छन् ।
- एनसिसि स्वीटजरल्याण्ड महिला फोरमले वीरअस्पतालमा विरामीहरुको लागि ह्वील चेयर र उपलब्ध गराई सहयोग गरेको ।
- कैलालीको घोडा घोडीमा एनसिसि स्वीटजरल्याण्डद्वारा २० जना महिलाहरुलाइ कपाल कटाइ तालिमको लागि सहयोग प्रदान ।
- महिला उद्यमशिलता कार्यक्रम संचालन

यसरी नै महिला फोरमले ५ नोभेम्बर २०१७ का दिन का दिन काठमाडौं स्थित रमाइलो पाठशालामा लाइन्स क्लब, काठमाडौं हस्पिटल र राष्ट्रिय युवा गैरसरकारी संस्थाको सहयोगमा स्वास्थ्य सरससफाइ सम्बन्धी कार्यक्रमको आयोजना गरिएको थियो ।

निष्कर्षः

गैरआवासीय महिला फोरमले नेपालका पिछिडियाका महिलाहरुको लागि शसक्तिकरणका साथै तिनिहरुको आयआर्जनमा बृद्धीको लागि शिपमुलक तालिमको व्यवस्था, वैदेशिक रोजगारबाट स्वदेश फर्केका महिलाहरुको लागि स्वरोजगार कार्यक्रम, गैरआवासीय नेपाली नागरिकतामा नेपाली महिलाबाट जन्मेका बालबालिकाहरुको

लागि नागरिकताको प्रावधानका साथै अन्य महिलाहरुको सरोकारका विषयहरुमा पैरबी गर्दै आएको छ र यस्ता अहंम विषयहरुलाई भविष्यमा पनि निरन्तरता दिने रहेको छ ।

रजनी प्रधान
महिला संयोजक
आइसिसि एनआरएनए ।